आज मिति २०८१/१२/२५ गतेका दिन रामपुर नगर कार्यपालिकाको १२ औं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाको अध्यक्षता देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमकोको निर्णय गरियो ।

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रमण बहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोबराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारू थापा | वडाध्यक्ष | |
| १३ | श्री सिमा देवि थापा | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गा देवि भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १५ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | प्रमुख प्रशासकीय अधिकृत | |
| २२ | श्री युवराज पन्थी | प्र.अ. | |
| २३ | श्री विक्रम बस्नेत | योजना शाखा प्रमुख | |
| २४ | श्री शारदा आचार्य | कं.प. | |
| | श्री अमृता शर्मा | स.इ.अ. | |

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को बाह्रौं कार्यपालिकाको बैठकका

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. आगामी आ.व. २०८२/०८३ को लागी योजना, कार्यक्रम तथा बजेट तर्जुमा सम्वन्धमा ।
४. सहकारी संस्था एकीकरण सम्बन्धमा ।
५. विविध ।

## निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/११/२८ गते बसेको ११ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१ रामपुर नगरपालिकाको नगर सभाको १६ औ अधिवेशनबाट रकमान्तर, शीर्षकान्तर गरिएका योजनाहरुको हालसम्मको प्रगति समिक्षा गरिएको ।

२ भूमि समस्या समाधान आयोग जिल्ला समिति आयोगका पदाधिकारीको उपस्थितिमा यस नगरपालिकामा मिति २०८१/११/२६ गते बैठक बसिएकोमा उक्त बैठकमा भएका छलफलहरुको सम्बन्धमा समिक्षा गरिएको ।

३ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नीति, योजना तथा बहुपक्षीयय समन्वय शाखाको पत्र संख्या ०८१/८२, चलानी नं. १४८, मिति २०८१/११/२३ गतेको पत्रानुसार सुरक्षित आप्रवासन (SaMI) कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि लागत साझेदारी सहितको सहकार्य प्रतिबद्धता पत्र माग भई आएकोमा उक्त कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि लागत साझेदारी सहितको सहकार्य प्रतिबद्धता गरिएको ।

४ यस नगरपालिका अन्तर्गत निर्माण गर्न लागिएका विभिन्न योजनाहरुको निर्माण कार्यको लागि विभिन्न कन्स्ट्रक्सन प्रा.लि.ले नदिजन्य निर्माण सामग्री माग गरेकोमा प्राविधिक कर्मचारीहरुसँग सल्लाहमा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

५ रामपुर नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. १०५८, पत्र संख्या २०८१/०८२, मिति २०८१/११/२७ गतेको पत्रानुसार रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत उक्त वडाको डुम्रीफेद देखि ३ नं. वडा कार्यालय जाने मोटर बाटो कालोपत्रे योजनाको काम सञ्चालन

CamScanner

गर्ने क्रममा बाटो विस्तार गर्नका लागि आ.व. २०७८/०७९ मा डुम्रीफेद देखि १ नं. गेट सम्म नाली निर्माण भएकोमा उक्त नालीको पश्चिमतर्फको बिच भागको ८० मि. नाली पुरि बाटो विस्तार गरी कालोपत्रे गर्ने भनि उक्त वडा कार्यालयमा रामपुर नगरपालिका वडा नं. ३ को जनप्रतिनिधि, राजनैतिक दल तथा स्थानीय बासीहरुको निर्णयसहित निवेदन पेश भई आएकोले उक्त डुम्रीफेद देखि ३ नं. वडा कार्यालय जाने मोटर बाटो कालोपत्रे योजनालाई पुरानो नाली पुरी बाटो विस्तार गरी कालोपत्रे गर्ने कार्यको लागि अनुमति माग भई आएकोमा उक्त कार्य गर्नका लागि अनुमति दिने निर्णय गरिएको।

६ रामपुर नगरपालिका वडा नं. ६ स्थित श्री विजयपुर इङ्गलिस स्कुलको च.नं.४० मिति २०८१/०९/२३ गतेको पत्र अनुसार कक्षा ८ थपको लागि अनुमति माग तथा रामपुर नगरपालिका वडा नं. ४ स्थित श्री मदरसा आधारभुत विद्यालयको मिति २०८१/०९/२७ गतेको पत्र अनुसार कक्षा ९ र १० थपको लागि भएको अनुमति माग सम्बन्धमा छलफल गर्दा उक्त विद्यालयहरुको अनुगमन रिपोर्ट हेरि कक्षा थपको लागि न्युनतम मापदण्ड पुरा गरेको पाइएकोले दुवै विद्यालयहरुलाई कक्षा थपको लागी अनुमति दिने निर्णय गरियो साथै रामपुर नगरपालिका वडा नं. ९ स्थित हार्टल्याण्ड एकेडेमी पाल्पाको च.नं. ६१ मिति २०८१/०९/२८ गतेको पत्र अनुसार कक्षा ७ थपको लागि भएको अनुमति माग सम्बन्धमा छलफल गर्दा उक्त विद्यालयमा अनुगमन गर्दा कक्षा थपको लागि हाल कक्षाकोठा पर्याप्त नभएको पाइएकोले न्युनतम मापदण्ड पुरा गरेपश्चात अनुमति दिने भनि प्राप्त भएको शिक्षा समितिको मिति २०८१/११/०८ गतेको बैठकको निर्णय प्राप्त भएकोमा कार्यपालिका बैठकमा छलफल गर्दा श्री विजयपुर इङ्गलिस स्कुल कक्षा ८ थपको लागि अनुमति दिने साथै श्री मदरसा आधारभुत विद्यालय कक्षा ९ र १० थपको लागि भएको अनुमति दिने निर्णय गरिएको ।

७ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशन गरेको शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शनमा रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशस्थित शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहले माथि उल्लेख भएबमोजिमका पदस्थापनका आधार तथा मार्गदर्शनको प्रतिकूल नहुने गरी थप आधार तयार गरी पदस्थापनाको कार्यको कार्यान्वयन गर्न सक्नेछन् भन्ने व्यवस्थाको आधारमा रामपुर नगरपालिकाले बनाएको शिक्षक पदस्थापनका थप आधार तथा मार्गदर्शन २०८१ तपसिल बमोजिम हुने गरी पास गर्ने निर्णय गरियो ।

शिक्षक सेवा आयोगबाट प्राथमिक तह, तृतीय श्रेणी, स्थायी शिक्षक पदमा सिफारिस भई रामपुर नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयमा रिक्त रहेको दरबन्दीमा पदस्थापन हुने गरी आएका शिक्षकहरुलाई देहायबमोजिम पदस्थापन गरिनेछ ।

(क) प्राथमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्याका आधारमा पदस्थापन गर्नुपर्ने विद्यालयको

सूची सार्वजनिक गरी शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति भई आएकालाई सिफारिस योग्यताक्रम समेतलाई ध्यानमा राखि देहाय बमोजिम पदस्थापन गर्ने ।

१. रामपुर नगरपालिकाका प्रत्येक माध्यमिक र आधारभूत तह (६-८) सञ्चालित विद्यालयले रिक्त वा करारमा रहेका विस्थापित हुने शिक्षक सङ्ख्याको आधारमा एक जना शिक्षकलाई एक विषय (गणित वा विज्ञान) प्राथमिकता रहने गरि विस्थापित हुन सक्ने शिक्षकको सङ्ख्याको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विषय प्राथमिकता निर्धारण गरि नगरपालिका शिक्षा शाखामा तोकिएको समयमा निवेदन पेश गर्ने।

२. पदस्थापन गर्दा रिक्त दरबन्दीले अपुग भइ अस्थायी/करारका शिक्षक हट्नु पर्ने अवस्थामा सेवाको आधारमा कनिष्ठ अस्थायी शिक्षक हट्ने गरी व्यवस्था मिलाउने ।

३.माध्यमिक तह र आधारभूत तह (६-८) सञ्चालित विद्यालयमा गणित र विज्ञान विषयको दरबन्दी अपुग भएकोले, गणित र विज्ञान विषयमा विषयगत दक्षता भएका शिक्षकहरुलाई आवश्यक्ताका आधारमा (विद्यालयले माग गरेको विषयमा) कक्षा ९-१२, ९-१० र कक्षा ६-८ सञ्चालित विद्यालयमा पदस्थापन गर्ने।

४. क र ख श्रेणीको अपाङगता भएका तथा महिलाको हकमा प्राथमिकतामा राखी पदस्थापन गर्ने ।

(ख) शिक्षक पदस्थापनको कार्य ७ दिनभित्रमा पुरा गर्नुपर्नेछ ।

८ विभिन्न वडा कार्यालयहरुको सिफारिस तथा प्रहरी मुचुल्का सहित आर्थिक सहायता माग भई आएकोमा विभिन्न शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

९. यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका पदहरु रिक्त रहेकोले उक्त पदहरुको करार सेवामा दरखास्त आह्वानका गरिएकोमा उक्त परीक्षाहरु प्रकृयामा रहेका ।

तपसिलः

| विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|
| ०६/०८१/०८२ | सूचना प्रविधि अधिकृत (अधिकृत स्तर छैटौं) | १ |
| ०७/०८१/०८२ | वैध (चौथो तह) | १ |
| ०८/०८१/०८२ | डोजर अपरेटर (ब्याकहो लोडर ) | १ |
| ०९/०८१/०८२ | सवारी चालक(हेभी) | १ |

CamScanner

१० यस नगरपालिका अन्तर्गत अति आवश्यक परेका विभिन्न योजनाहरु सम्बन्धित मन्त्रालयहरुबाट माग गरिएको साथै साझेदारीको प्रतिवद्धता गरिएको।

११. रामपुर नगरपालिका वडा नं. ३ र ४ का वडाबासीलाई मध्यनजर गरी मिति २०८१/१२/०४ गते, रा.न.पा. ३ सिता मा.वि.को प्राङ्गणबाट एकिकृत घुम्ति शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

१२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत आर्थिक वर्ष २०८२/८३ का लागि कार्य क्षेत्र विस्तार गर्न लुम्बिनी प्रदेशका स्थानीय तहहरुको छनौटका लागि आशय पत्र पेश गर्ने तथा उक्त कार्यक्रम संचालनको लागि तपसिल बमोजिमको प्रतिवद्धता जनाउने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. स्थानीय तहको इच्छा र प्रतिबद्धताः

क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधारसम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न इच्छुक तथा प्रतिवद्ध भएको।

ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्न इच्छुक तथा प्रतिवद्ध भएको।

(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्न इच्छुक तथा प्रतिवद्ध भएको ।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा विनियोजन गर्न प्रतिबद्धता रहेको ।

३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता रहेको ।

१५ .स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिबद्धता रहेको ।

१३. माथि उल्लेखित लगायत विभिन्न विषयमा छलफल गरी निर्णय गरिएको ।

CamScanner

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ अन्तर्गत दोस्रो चौमासिकमा सम्पादित गरिएका कामहरुको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०१/१५ गते, सोमवार, दिउँसो १:०० बजेबाट गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा प्रदेश सरकारबाट उपलब्ध हुने बजेट सिलिङ्ग प्राप्त भएपश्चात छलफल र अन्तरक्रियाबाट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम दर्ता भई रामपुर नगरपालिका वडा नं. ५ मा कार्यक्षेत्र बनाई सञ्चालित श्री सूर्योदय कृषि सहकारी संस्था लि, रामपुर ०५ पाल्पाबाट प्राप्त पत्र संख्या २०८१/०८२ च नं.३५ मिति २०८१/०६/०७ को पत्रानुसार साथै रामपुर नगरपालिका वडा नं.६ मा कार्यक्षेत्र बनाई सञ्चालित श्री तालपोखरा कृषि सहकारी संस्था लिमिटेड, रामपुर ०६ पाल्पाबाट प्राप्त पत्र संख्या २०८१/०८२ च नं. ०६, श्री तालपोखरा कृषि सहकारी संस्था लि. रामपुर न.पा.-०६,पाल्पाको मिति २०८०/१०/२१ र श्री सुर्योदय कृषि सहकारी संस्था लिमिटेड रामपुर न.पा-५ संस्थाको मिति २०८१।०१।२९ मा बसेको साधारण सभाको निर्णण, मिति २०८१।०९।१२ मा बसेको दुवै सहकारीको संयुक्त एकीकरण सभाको निर्णय र मिति २०८१/१०/०३ को पत्रानुसार दुवै सहकारीहरु एकीकरण हुन पाउँ भनि यस कार्यालयमा निवेदन, नगरपालिकाको सहकारी ऐन २०७५ को परिच्छेद १५ को दफा ६५ र सहकारी संघ/संस्था एकीकरण सम्बन्धी कार्यविधि २०७७ बमोजिम यस कार्यालयमा सहकारी एकीकरणका लागि पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु पेश गरेको हुँदा उक्त सहकारीहरु नियमानुसार एकीकरण गर्न अनुमति दिने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री जब्गादी महिला बचत तथा ऋण सहकारी संस्था लि. रामपुर न.पा.८-पाल्पाको चलानी नं. ३, पत्र संख्या ०८१/०८२, मिति २०८१/११/२८ गतेको पत्रानुसार उक्त संस्थाको मिति २०८१/११/१७ गतेको साधरण सभाको निर्णय अनुसार २०८१/०८२ को लेखा परीक्षण गरी संस्थाका शेयर सदस्यहरुको बचत तथा शेयर रकम फिर्ता गरी संस्था खारेजी गर्ने प्रकृया पुरा गरी संस्था खारेजी गरिदिनुहुन भनी निवेदन पेश गरेकोमा रामपुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६६ बमोजिमको प्रकृया पुरा गर्ने तथा अन्य व्यवस्था प्रचलित ऐन, कानून बमोजिम हुने गरी उक्त सहकारी संस्था लि.को विघटन र दर्ता खारेज गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत वडा नं. १ मा गौँडाकोट स्वास्थ्य चौकी र वडा नं. १० मा गेझा स्वास्थ्य चौकीमा मार्फत एम्बुलेन्स सेवा संचालन गरिएकोमा उक्त एम्बुलेन्सहरु संचालन गर्दा हालसम्म भएको आम्दानी र खर्चको विवरण माग गर्ने भनी मिति २०८१/११/०५ गते बसेको १० औं कार्यपालिका बैठकको निर्णय भए वमोजिम उक्त संस्थाहरुबाट प्राप्त गरिएको विवरणका सम्बन्धमा छलफल गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका विभिन्न शाखा तथा वडाहरुबाट सम्पादित गरिएका कामहरुको विवरण सहितको मासिक बुलेटिनका सम्बन्धमा छलफल गरियो साथै नगर स्तरीय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनका सम्बन्धमा छलफल गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग, तानसेन, पाल्पावाट यस नगरपालिका अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धी कामकाजमा खटिनुभएका सर्वेक्षक कमल प्रसाद भुसाल, अमिन प्रज्वल रोकाया यस रामपुर नगरपालिका वडा नं.५ वस्ने शान्ती देवी न्यौपानेको घरमा घरभाडामा बस्ने व्यवस्था मिलाउने सो बापत मासिक रु ३,०००/- (तीन हजार) हुने गरी घरभाडा सम्झौता गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिका अन्तर्गत निर्माण गरिएको शीत भण्डारमा सामग्रीहरूको उचित सुरक्षा र अनुकूल तापमानमा रहे/नरहेको अवस्थाको परीक्षण लगायत अन्य कामका लागि २४ घण्टा निगरानीको आवश्यकता भएकाले दैनिक ज्यालादारीमा कामकाज गर्नका लागि १ जनालाई पाल्पा जिल्ला दररेट निर्धारण समिति, पाल्पाले आ.व. २०८१/०८२ का लागि अदक्ष काम गर्नेका लागि तोकेको दैनिक ज्यालादारी रु ७३०/- (रु सात सय तीस ) उपलब्ध गराउने गरी ज्यालादारीमा खटाउने गरी निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिका र Cripty Innovation Technology Pvt. Ltd, Pokhara-08, Kaski बिच मिति २०८१/०७/२८ गते रामपुर नगरपालिकाको भू-उपयोग वर्गीकरण गर्नका लागि ६० दिन भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त अवधिमा उक्त Pvt.Ltd ले विभिन्न कारणले गर्दा उक्त कार्य गर्न नसक्ने भनि मिति मिति २०८१/०९/११ गते निवेदन पेश गरेकोमा मिति २०८१/०९/२२ गते बसेको ८ औ कार्यपालिका बैठकबाट ३ महिना म्याद थप गरिएकोमा हरेक वडाको सर्वे, तथ्यांक संकलन, कित्तागत विश्लेषण, जन प्रतिनिधि तथा सरोकारवाला सँगको बैठक तथा प्रारम्भिक वर्गिकरणको कार्य सम्पन्न गरी वर्गीकृत जग्गा

उपर सरोकारवाला हरुसँग वर्गिकरण उपर दावी विरोध गर्ने सम्बन्धि निवेदन माग गरी, निवेदन उपर कारवाही भैरहेको र प्रारम्भिक भू-उपयोग नक्सा तयार गरिसकिएको र अझै भू-उपयोग नक्साको कित्तागत विवरणको रजु र वर्गीकृत कित्ताको चेक जाँच, वडा वडामा सुचित गरी सर्वसाधारण तथा सरोकारवालाहरु संग को अन्तिम छलफल गरी भू-वर्गीकरणको अन्तिम प्रतिवेदन र प्रस्तुतीकरण गर्ने कार्य बाँकी रहेको हुँदा थप ३ महिना म्याद थप गरिदिनुहुन भनि मिति २०८१/१२/१२ मा निवेदन पेश गरेकोमा उक्त विषयमा कार्यपालिका बैठकमा छलफल हुँदा थप ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner